(नियम ६० को उपनियम (१) को खण्ड (क) सँग सम्वन्धित)

जिल्ला विकास समितिको कार्यालय, जाजरकोट

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">बेरुजु दफा</th><th rowspan="2">बेरुजुको विवरण</th><th rowspan="2">रकम रु.</th><th colspan="3">संपरीक्षणको विवरण</th><th rowspan="2">चढाउने</th><th rowspan="2">प्रमाणित गर्ने</th></tr>
<tr><th>मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td></td><td>
परिचयः-<br><br>
नेपाल सरकार एवं विभिन्न स्वदेशी तथा विदेशी दातृ संघसंस्थाबाट प्राप्त सहयोग र जिल्लामा नै उपलव्ध हुने श्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु जिल्ला विकास समितिको कार्यालये मुख्य उद्धेश्य हो ।<br><br>
उल्लेखित कारोवारको लेखापरीक्षण समष्टिगत लेखा परीक्षण योजना, कार्यालयले पेश गरेको प्रगति र अन्य विवरण, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखा परीक्षण प्रतिवेदन समेतलाई आधारमानी सम्पन्न गरिएको छ । लेखा परीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७०।५।१५ मा छलफल गरी काय भएको व्यहोरा निम्नानुसारका छन् ।<br><br>
आ.व.०६९।७० को आय-व्ययको स्थिति निम्नानुसार देखिएको छ ।
<table>
<tr><th>आय</th><th>रकम</th><th>व्यय</th><th>रकम</th></tr>
<tr><td>गत वर्षको अ.ल्या.</td><td>३३६७४४४।२१</td><td>बजेट खर्च</td><td>३०४४२१४७८।५४</td></tr>
<tr><td>यस वर्षको आम्दानी</td><td>२८२६९८१०१।४२</td><td>मौज्दात वाँकी</td><td>११९५१०६७०९</td></tr>
<tr><td>जम्मा</td><td>३१६३७२५४५।६३</td><td>जम्मा</td><td>३१६३७२५४५।६३</td></tr>
</table>
</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td>

**वजेट खर्चको स्थितिः-**

कार्यालयबाट प्राप्त विवरण अनुसार विनियोजन भएका विभिन्न वजेट उपशिर्षकहरुो कूल वजेट खर्च, अन्तिम चौमासिक खर्च र आषाढ महिनाको खर्चको तुलनात्मक स्थिति निम्नानुसार देखिएको छ ।

<table>
<tr><td>सि.नं</td><td>व.उ.शि.नं</td><td>कूल वजेट खर्च</td><td>अन्तिम चौ.खर्च</td><td>आषाढको खर्च</td><td>अन्तिम चौ.खर्च %</td><td>आषाढको खर्च %</td><td></td></tr>
<tr><td>१</td><td>३६५८१९३</td><td>१२३६२</td><td>८७५०</td><td>८१६१</td><td>७१</td><td>६६</td><td></td></tr>
<tr><td>२</td><td>३६५८१२३</td><td>२५००</td><td>२५००</td><td>२५००</td><td>१००</td><td>१००</td><td></td></tr>
<tr><td>३</td><td>३६५८३५३</td><td>८३९४</td><td>७६७४</td><td>६१८६</td><td>९१</td><td>७३</td><td></td></tr>
<tr><td>४</td><td>३६५८१९३</td><td>१२३६२</td><td>८७५०</td><td>८४१९</td><td>७०</td><td>६९</td><td></td></tr>
<tr><td>५</td><td>३६५८०४३</td><td>३९०१</td><td>२३६७</td><td>१२९१</td><td>६०</td><td>३३</td><td></td></tr>
<tr><td>६</td><td>३६५८०९३</td><td>८००८</td><td>६२१९</td><td>५२३७</td><td>७७</td><td>६५</td><td></td></tr>
</table>

माथिको तुलनात्मक तालिकाबाट कुल वजेट खर्च मध्ये अन्तिम चौमासिक खर्च ६० देखि १०० प्रतिशत सम्म र आषाढ महिनाको खर्च ३३ प्रतिशत देखि १०० प्रतिशत सम्म देखिन्छ । यसरी यस कार्यालयको कूल वजेट खर्च मध्ये

</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अधिकांश वजेट खर्च अन्तिम चौमासिक र आषाढ महिनामा भएको देखिन्छ । जस्ले गर्दा समय अभावको कारणले गुणस्तरयुक्त निमार्ण कार्य हुन नसक्ने, खरीद सम्झौता अवधि थप गर्नु पर्ने, भेरिएशन आदेश जारी गर्नु पर्ने र मूल्य समायोजना भुक्तानी दिनु पर्ने अवस्था सिर्जना हुने भएकोले अन्तिम चौमासिक र आषाढ महिनामा मात्र खर्च गर्ने प्रवृत्ति सुधार गरी स्वीकृत वजेट अख्तियारी र बार्षिक कार्यक्रममा उल्लेख भए अनुसार खर्च गर्ने गर्नु पर्दछ । | | | | | | |
| ३ | | **प्रशासनिक खर्चः-**<br>स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम ५५ वमोजिम जिल्ला विकास समितिले स्वीकृत वजेटको परिधिभित्र रही ऐन वमोजिमका शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कूल रकमको २५ लाख सम्म, २५ देखि ५० लाखसम्म आम्दानी हुनेले अधिकतम ६० सम्म र २५ देखि ५० लाख सम्म आम्दानी हुनेले ४०%, ५० लाखदेखि १ करोडसम्म आम्दानी हुनेले अधिकतम ३०% सम्म र रु. १ करोड भन्दा वढी आम्दानी हुनेले २५% भन्दा वढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न नपाउने व्यवस्था छ ।<br>कार्यालयबाट प्राप्त अनुसूची-  वमोजिमको विवरण अनुसार कर, शुल्क, सेवा शुल्क, दस्तुर । र भाडाबाट रु. ५०,००,०००।- आम्दानी भएको देखियो । सो अनुसार प्रशासनिक खर्चमा ४० % ले हुने रु. २०,००,०००।- खर्च लेख्नु पाउनेमा रु. १९,८१,९९०।- खर्च लेखेको छ । | | | | | | |
| ४ | | **भैपरी आउने खर्चः-**<br>स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम ५६ वमोजिम जिल्ला विकास समितिले स्वीकृत वजेटको परिधिभित्र रही ऐन वमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कूल रकमको १% सम्म रकम भैपरी आउने विकास निर्माण कामको लागि खर्च गर्न सक्ने व्यवस्था छ ।<br>कार्यालयबाट प्राप्त विवरण अनुसार कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट रु. ५०,००,०००।- आम्दानी गरेकोमा सो को १% ले हुने रु. ५०,०००।- खर्च लेख्न सकिनेमा रु. ३,७४,०००।- लेखेको हुँदा नियमावली भन्दा रु. १,६०,०००।- वढी खर्च लेखेको देखिएकोले नियमित नभएको रु. | १,६०,०००। | | | | | |
| ५ | | **<u>वार्षिक खरीद योजनाः-</u>**<br>सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६ र सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले खरीदको गुरु योजना र वार्षिक खरीद योजना तयार गर्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले सो वमोजिम गुरु योजना र खरीद योजना तयार गरेको देखिएन । | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | **भौतिक सम्पत्ति तथा जिन्सी व्यवस्थापनः-**<br>स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम २१२(१) वमोजिम स्थानीय निकायमा रहेको र खरीद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई ७ दिन भित्र आम्दानी वाँधी लगत तयार गरी जिन्सी अद्यावधिक गर्नु पने व्यवस्था छ । यसैगरी २१४(३( वमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने सामान ६ महिना भित्र र मर्मत गर्नृ पर्ने भए ३ महिना भित्र गरि सक्नुपर्ने व्यवस्था छ । कार्यालयमा रहेको जिन्सी खाता पुरानो भै फेर्नुपर्ने अवस्थामा रहेको र उक्त खाता नयाँ फर्मेटमा सार्नु पर्ने देखियो । यसैगरी कार्यालयमा रहेका मध्ये लिथो मेशिन-२, काठको टेवुल-१०, क्यामरा-३, सोफासेट-४, गद्धा कुर्सी-१८३, रंगीन टि.भी.-२, स्टील दराज-५ लगायतका सामान मर्मत हुन नसक्ने भनी २०७०।४।३ मा जिन्सी निरीक्षण गरी प्रतिवेदन गरेको देखिएको हुँदा नियममा व्यवस्था भए वमोजिम मर्मत हुन सक्ने सामान मर्मत गर्नु पर्ने र मर्मत हुन नसक्ने सामान लिलाम विक्री गरी जिन्सी अद्यावधिक गर्नु पर्ने देखियो । | | | | | | |
| ७ | | **कार्यालय निरीक्षणः-** सुशासन र व्यवस्था तथा संचालन नियमावली, २०६५ वमोजिम तालुक कार्यालयले मातहतका कार्यालयहरुको निरीक्षण गर्नु पर्ने व्यवस्था भएकोमा तालुक कार्यालयबाट निरीक्षण गरेको अभिलेखबाट देखिएन । | | | | | | |
| ८ | | **बार्षिक कार्यक्रमः-**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) मा कार्यालयलाई आगामी वर्षको लागि चाहिने वजेट र कार्यक्रम अनुसूची १ (क) को ढाँचामा तयार गर्नु पर्ने उल्लेख छ । यस कार्यालयले विभिन्नवजेट उपशिर्षकबाट संचालन गरेको कृषि सडक, सडक पुल, खानेपानी, सिंचाई जस्ता आयोजनाहरुको वार्षिक कार्यक्रम तयार गरी स्वीकृत गर्दा वार्षिक कार्यक्रम फारामको महल नम्वर २ अनुसार आयोजनामा गरिने विभिन्न क्रियाकलाप उल्लेख गरी तयार गर्नु पर्नेमा सो महलमा योजनाको नाम मात्र उल्लेख गरी कार्यक्रम स्वीकृत गरेको छ । यसरी योजनाको नाममात्र उल्लेख गरी स्वीकृत गरिएको वार्षिक कार्यक्रमबाट ति योजनाामा कुन कुन क्रियाकलापको लागि कति वजेट स्वीकृत गरिएको हो? स्पष्ट नुहने हुँदा नियमावलीमा उल्लेखित ढाँचामा योजनामा गरिने क्रियाकलापहरु समेत खुल्ने गरी वार्षिक कार्यक्रम स्वीकृत गर्ने गर्नुपर्दछ । | | | | | | |
| ९ | | **मर्मत सम्भार कोष तर्फः-** १३।०६९।७२४ मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएवमोजिमको अवस्थामा | | | | | | |

<table>
<tr><td></td><td></td><td>वाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिन पर्ने उल्लेख छ ।<br>यस कार्यक्रममा मु.अ.करमा दर्ता भएका दिनेश निर्माण सामाग्री सप्लायर्स, वाँके (पाना नं.३०१५७५८२३) लाई मु.अ.कररु. ४०,४२२।- भुक्तानी गरेकोमा कर विजक पेश नभएकोले उक्त फर्मलाई भुक्तानी गरेको मु.अ.कर रकम मु.अ.कर ऐन, २०५२ को दफा २९(१) ग अनुसार असुल गर्नु पर्ने रु......</td><td>४०,४२२।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०</td><td></td><td>आयकर ऐन, २०५८ को दफा ८९(१) वमोजिम वासिन्दा व्यक्तिलाई रु. ५० हजार रुपैया भन्दा वढीको रकम भुक्तानी दिँदा १.५ % कर कट्टी गर्नु पर्ने व्यवस्था छ । इन्धन खरीद वापत सुष्मा जनरल स्टोर्स, खलंगालाई ८५० लि. डिजेल खरीद वापत रु. १,१०,५००।- भुक्तानी भएकोमा ऐन अनुसार १.५% कर कट्टी गरी दाखिला गर्नु पर्ने रु........................</td><td>१,६५८।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ नियम ४६(३) वमोजिम अधिकार प्राप्त अधिकारीको स्वीकृतिले खर्च गर्दा खर्चका विल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था छ ।<br>स्थानीय सुष्मा जनरल स्टोर्स, खलंगाबाट ५४० लि.डिजेल डोजर प्रयोगका लागि भनी रु. ७५,०००।- मा खरीद गरी उक्त रकम ले.अ.विष्णु व.वस्नेतलाई भुक्तानी दिएको भौचरमा उल्लेख भएको देखियो । उक्त इन्धन खपतको लगवुक, डोजरको लगवुक संलग्न नभएको हुँदा कुन प्रयोजनका लागि इन्धन खरीद गरी कर्मचारीलाई भुक्तानी भएको हो? प्रमाण कागजात पेश हुनु पर्ने रु........................</td><td>७५,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td></td><td><u>धरौटी खाता तर्फः-</u> यस वर्षको धरौटी मौज्दात श्रेस्ता अनुसार १५,२३,९५८।४५ र वैंक स्टेटमेन्ट अनुसार रु. १५,५७,९<u>७२।४५</u> देखिएको हुँदा श्रेस्ता भन्दा वैंक वढी देखिएको रु. ३४,०१४।- हिसाव मिलान हुनु पर्ने रु....</td><td>३४,०१४।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१३</td><td></td><td><u>महिला तथा बालवालिका विकास कार्यक्रम (डकाव) तर्फ</u><br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । यस कार्यक्रमबाट विभिन्न कार्यक्रम संचालन गर्न तल उल्लेखित संस्थाहरुलाई रु. ७९,०००।- भुक्तानी दिई खर्च लेखेकोमा खर्चको विल भरपाई पेश गरी नियमित गर्नु पर्ने रु............<br><table><tr><th>सि. नं.</th><th>गो.भौ.नं. र मिति</th><th>संस्था तथा व्यक्ति</th><th>रकम (रु)</th></tr></table></td><td>७९,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १ | २५।०६९।६।१४ | महिला विकास कार्यक्रम, जाजरकोट भि.एफ.तलव | ५४०००। |
| ३ | ४३।०६९।८।१२ | बालकुमार शर्मा (बाल प्रोफाईल तयारी) | २५०००। |
| | | **जम्मा** | ७९०००। |

## उर्जा तथा वातावरण शाखा तर्फ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | | ११।०६९।७२३ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (३) अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । यस कार्यक्रमबाट संचालित साङटा भेरी लघु जलविद्युत आयोजनाको निर्माण सामाग्री खरीद कार्यको लागि यूनिभर्सल कन्सल्टेन्सीलाई रु. २,००,०००।- भुक्तानी दिएकोमा खर्चको विल भरपाई पेश नभएकोले भरपाई पेश गरी नियमित गराउनु पर्ने रु............ | २,००,०००। | | | | | |
| १५ | | आयकर ऐन, २०५८ को दफा ८८(१)४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक वासिन्दा व्यक्तिलाई गरेको सेवा शुल्कमा भुक्तानी रकमको १.५% का दरले कट्टा गर्नु पर्ने उल्लेख छ । यस कार्यक्रमबाट संचालित तल उल्लेखित लघु जलविद्युत आयोजना निर्माण कार्यका उपभोक्ता समितिहरुले मू.अ.करमा दर्ता भएका विभिन्न फर्महरुबाट निर्माण सामाग्री खरीद गरी रु. १,०२,६९,८३५।- भुक्तानी गरेकोमा ऐन अनुसार रु. १,५४,०४६।- कर कट्टा गर्नु पर्नेमा कट्टा गरेको नदेखिएकाले सम्वन्धित फर्महरुबाट अशुल गरी राजश्व खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु........................... | १,५४,०४६। | | | | | |

| सि.नं. | गो.भौ.नं. र मिति | उ.स.को नाम | भुक्तानी रु | कर (रु) |
|---|---|---|---|---|
| १ | १२।०६९।८।२९ | लुम्तीखोला ल.ज.विद्युत निर्माण उ.स. | ११३८२९। | १७०७४। |
| २ | १३।०६९।९।४ | हिप्काखोला ल.ज.विद्युत निर्माण उ.स. | ४२३८९३८। | ६३५८४। |

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>२२।०७०।१०।१०</td><td>गग्राखोला ल.ज.विद्युत निर्माण उ.स.</td><td>१४८८४९५।</td><td>२२३२७</td></tr>
<tr><td>४</td><td>३२।०७०।१।२९</td><td>गाग्राखोला ल.ज.विद्युत निर्माण उ.स.</td><td>१४२१७६०।</td><td>२१३२६।</td></tr>
<tr><td>५</td><td>३८।०७०।२।२२</td><td>वुङ्गेखोला ल.ज.विद्युत निर्माण उ.स.</td><td>१९८२३५१।</td><td>२९७३५।</td></tr>
</table>
</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१६</td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)ध मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने उल्लेख छ । यस कार्यक्रमबाट संचालित तल उल्लेखित लघु जलविद्युत आयोजना निर्माण कार्य उ.स.मार्फत गराएकामो उक्त निर्माण कार्यहरु प्राविधिकबाट नापी भएको नापी किताव विना रु. ७५,६४,७६४।- भुक्तानी दिएको देखिएकोले नियमानुसार प्राविधिकबाट मूल्याङ्कन भएको नापी किताव पेश हुनु पर्ने रु.........................................
<table>
<tr><th>सि. नं.</th><th>गो.भौ.नं. र मिति</th><th>उ.स.को नाम</th><th>भुक्तानी रु</th></tr>
<tr><td>१</td><td>१२।०६९।८।२९</td><td>लुम्तिखोला ल.ज.विद्युत आयोजना</td><td>१२८६२६९।</td></tr>
<tr><td>२</td><td>१३।०६९।९।४</td><td>हिप्काखोला ल.ज.विद्युत आयोजना</td><td>४७९००००।</td></tr>
<tr><td>३</td><td>२२।०६९।१०।१०</td><td>गाग्राखोला ल.ज.विद्युत आयोजना</td><td>१४८८४९५।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७५६४७६४।</td></tr>
</table>
</td><td>७५,६४,७६४।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td><u>जि.वि.स.अनुदान ब.उ.शि.नं.३६५८०१३ (चालु)</u></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१७</td><td></td><td>
स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) वमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च लेख्दा खर्चको वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।
१) ३।०६९।५।३ कार्यालय परिसर सरसफाई गरेवापत रु. २४,०००।- खर्च लेखेको मध्ये २ जना कामदारलाई रु. ३०००।- का दरले रु. ६,०००।- खर्च लेखेकोमा रकम वुझेको भरपाई पेश नभएको हुँदा उक्त रकम राजश्व दाखिला हुनु पर्ने रु......................................
२) निम्न कर्मचारीहरुलाई निम्न महिनाको तलव वापतको रकम भुक्तानी खर्च लेखेकोमा रकम वुझेको भरपाई संलग्न नभएको हुँदा उक्त रकम सम्वन्धित कर्मचारीहरुलाई वुझाउनु पर्ने अन्यथा रकम दाखिला हुनु पर्ने रु............
<table>
<tr><th>कर्मचारीको नाम</th><th>महिना</th><th>रकम</th></tr>
<tr><td>ना.सु.तुलाराम गिरी</td><td>माघ, फागुन, लुगा भत्ता, चैत्र, वैशाख, जेठ, आषाढ</td><td>११७०८१ ।१२</td></tr>
<tr><td>ख.वीर व.चन्द</td><td>माघ</td><td>१५९०१।३८</td></tr>
<tr><td>ना.सु.नरेन्द्र सिंह</td><td>जेठ, असार</td><td>३५६३६।</td></tr>
<tr><td>ख.दिपक व.जि.सी.</td><td>जेठ</td><td>१५६०७।३५</td></tr>
<tr><td>ख.चिरञ्जीवी जि.सी.</td><td>जेठ, असार</td><td>३१६०६।□</td></tr>
<tr><td>ख. प्रेम ब.जि.सी.</td><td>जेठ</td><td>१५७०५।३६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२,३१,५३७।२१</td></tr>
</table>
३) २१।०६९।११।३० पुरुस्कार वापतको रकम जगत घर्तीले वुझेको भरपाई पेश नभएको हुँदा उक्त रकम वुझाउनु पर्ने अन्यथा दाखिला हुनु पर्ने रु............
</td><td>६,०००।<br><br>२,३१,५३७।२१</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>५,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१८</td><td></td><td>आयकर ऐन, २०५८ को दफा ८७ को अनुसूची-१ वमोजिम सामाजिक सेवा कर वापत १% का दरले करकट्टी गर्नु पर्नेमा नगरेको हुँदा उक्त रकम अशुल गरी दाखिला हुनु पर्ने रु.........................................
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>१% कर</th></tr>
<tr><td>८५।०६९।१२।३०</td><td>लुगा भत्ता</td><td>२१७५००।</td><td>२१७५।</td></tr>
<tr><td>८७।०६९।१२।३०</td><td>लुगा भत्ता</td><td>१८७५००।</td><td>१८७५।</td></tr>
<tr><td>८९।०६९।१२।३०</td><td>लुगा भत्ता</td><td>८२५००।</td><td>८२५।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४८७५००।</td><td>४८७५।</td></tr>
</table></td><td>४,८७५।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td><u>जि.वि.स.अनुदान ब.उ.शि.नं. ३६५८०१३ (पूँजिगत)</u></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१९</td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) वमोजिम अधिकारप्राप्त अधिकारीको स्वीकृति गराई खर्च लेख्दा खर्चको वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ।<br><br>निम्न भौ.नं.तथा मितिबाट तल उल्लेखित निम्न कार्यालयहरुलाई रकम खर्च लेखेकोमा खर्चको विल भरपाई पेश नभएको हुँदा उक्त खर्चको वील भरपाई पेश हुनु पर्ने रु.......................................................
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>खर्च लेखेको कार्यालयको</th><th>वापत</th><th>रकम</th></tr>
</table></td><td>१,००,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>नाम</td><td></td><td></td></tr>
<tr><td>३४।०६९।१२।२७</td><td>जि.खेलकूद वि.समिति</td><td>रनिङ्ग शिल्ड</td><td>१०००००।</td></tr>
</table>
</td>
<td></td><td></td><td></td><td></td><td></td><td></td>
</tr>
<tr>
<td>२०</td>
<td></td>
<td>
जिल्ला विकास समिति अनुदान संचालन कार्यविधि, २०६७ को दफा ३४(ङ) वमोजिम जिल्ला विकास समितिले वैशाख मसान्त पछि कुनै पनि नयाँ कार्यक्रम, आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम कार्यान्वयनका लागि संझौता गर्न, पेश्की दिन वा अख्तियारी दिन पाउने छैन भन्ने व्यवस्था छ । कार्यालयबाट निम्न योजना/कार्यक्रमहरु वैशाख मसान्तपछि संझौता गरी पेश्की तथा भुक्तानी दिएको देखियो । यस प्रकार कार्यविधि विपरित वैशाख मसान्तपछि सम्झौता गरी खर्च लेख्ने कार्य कानून सम्मत देखिएन । यस प्रकारका खर्चका केहि उदाहरणहरु निम्नानुसार छन् ।
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>कार्यक्रमको नाम</th><th>संझौता मिति</th><th>सम्पन्न मिति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१०१।०७०।३।२५</td><td>जनचेतना कार्यक्रम</td><td>०७०।३।१७</td><td>०७३।३।२३</td><td>७००००।</td></tr>
<tr><td>१०२।०७०।३२५</td><td>सीप विकास तालिम</td><td>०७०।२।२</td><td>०७०।३।२३</td><td>३०००००।</td></tr>
<tr><td>१०३।०७०।३।२५</td><td>अल्लो प्रशोधन तालिम</td><td>०७०।२।१९</td><td>०७०।३।१४</td><td>४०००००।</td></tr>
<tr><td>१०५।०७०।३।२५</td><td>दुध डेरी तालिम</td><td>०७०।२।६</td><td>०७०।३।३</td><td>१०००००।</td></tr>
<tr><td>११२।०७०।३।२५</td><td>प्रस्ताव लेखन तालिम</td><td>०७०।३।७</td><td>०७०।३।२५</td><td>११५०००।</td></tr>
</table>
</td>
<td></td><td></td><td></td><td></td><td></td><td></td>
</tr>
</table>

<table>
<tr><td>२१</td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१७ (४) वमोजिम जिन्सी मालसामान हस्तान्तरण गर्दा हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नु पर्ने सामान वुझिलिने निकायले हस्तान्तरण भै आएको सामान जिन्सी खातामा आम्दानी वाँधी सो को जानकारी दिनु पर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार बालक्लव गठन तथा सुदृढीकरण कार्यक्रम अनुसार जुट कार्पेट, साइकल, टि.भी. सेट, भलिवल लगायतका सामान खरीद गरी रु. ५४,६३५।- खर्च लेखेकोमा उक्त सामान वालक्लवहरुलाई हस्तान्तरण गरेको र निजहरुको जिन्सी खातामा आम्दानी गरेको प्रमाण संलग्न नभएको हुँदा उक्त प्रमाण पेश हुनु पर्ने रु.........................................</td><td>५४,६३५।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२२</td><td></td><td>आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम वासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको व्याज, प्राकृतिक श्रोत, भाडा, रोयल्टी, सेवा शुल्क आदि भुक्तानीमा १५% का दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट निम्न तालिम कार्यक्रम संचालन गर्दा प्रशिक्षक भत्तामा १५% का दरले करकट्टी गरी दाखिला गर्नु पर्नेमा कट्टी गरेको नदेखिएको हुँदा उक्त रकम राजश्व खातामा दाखिला गर्नु पर्ने रु..........................................
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>कार्यक्रमको नाम</th><th>प्रशिक्षक भत्ता रकम</th><th>कर रकम</th></tr>
<tr><td>९।२०७०।३।२४</td><td>अचार उत्पादन तालिम</td><td>३००००।</td><td>४५००।</td></tr>
<tr><td>११।२०७०।३।२५</td><td>परियोजना प्रस्ताव लेखन तालिम</td><td>४००००।</td><td>६०००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०५००।</td></tr>
</table></td><td>१०,५००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२३</td><td></td><td><u>कन्टेन्जेसी खर्च तर्फः</u><br>जिल्ला विकास समिति, अनुदान संचालन कार्यविधि, २०६७ को दफा १४ वमोजिम जिल्ला विकास समितिको आफ्नो श्रोतबाट संचालित वा अन्य निकायको श्रोतबाट संचालन गरिने कार्यक्रमहरुलाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसा संचालनमा सहयोग पुऱ्याउन पूँजिगत लगानीको समष्टिगत रकमबाट अनुसूची-११ मा उल्लेख भएवमोजिम “ख” वर्गको जिल्लामा ४% रकम छुट्याई खर्च गर्न सकिने र त्यस्तो खर्चको हिसाव अनुसूची-१२ वमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>। यस प्रकारले छुट्याएको रकमको कार्य योजना जिल्ला परिषद्बाट स्वीकृत गराउनु पर्ने उल्लेख छ । रु. ३४,३९,३५८।- खर्च लेखेको देखियो, कार्य योजना स्वीकृत भएको देखिएन । उक्त खर्च आयोजना संचालनमा सहयोग पुऱ्याउन सम्वन्धित क्षेत्रमा खर्च गर्नु पर्नेमा सो विपरित विविध खर्च, नेपालगंज-काठमाण्डौंको गाडीको इन्धन खर्च, काठमाण्डौं-नेपालगंज भ्रमण गरेको दै.भ्र.भ.खर्च आदि शिर्षकमा अत्यधिक खर्च लेखेको देखियो । यस शिर्षकबाट काठमाण्डौं भ्रमणमा जाँदाको मात्र ११ जना कर्मचारीहरुलाई रु. २,९८,४८१।- भुक्तानी गरेको देखियो । निर्देशिकाले निर्दिष्ट गरेका क्षेत्रमा मात्र कन्टेन्जेन्सी रकम खर्च लेख्नु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२४</td><td></td><td>निम्न कार्यालयहरुलाई लिलि कार्यक्रम अन्तर्गत कन्टेन्जेन्सी खर्चबाट कार्यक्रम संचालन गर्न रकम भुक्तानी गरेकोमा सो को विल भरपाई संलग्न नभएको रु.
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>रकम खर्च लेखिएको कार्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>२९।०७०।३।२०</td><td>जि.कृषि विकास कार्यालय</td><td>१३३०००।</td></tr>
<tr><td>„ „</td><td>जि.प्राविधिक कार्यालय</td><td>१९९५००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३२५००।</td></tr>
</table></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२५</td><td></td><td>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(१)११ वमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, वैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था छ । निम्न कर्मचारीहरु जिल्ला वाहिर भ्रमणमा गई दैनिक भ्रमण भत्ता भुक्तानी गरेको अवस्थामा स्थानीय भत्ता कटाउनु पर्नेमा नकटाई भुक्तानी भएको हूँदा निम्नानुसारको रकम अशुल गरी राजश्व दाखिला हुनु पर्ने रु…………………
<table>
<tr><th>गौ.भौ.नं /मिति</th><th>कर्मचारीको नाम</th><th>भ्रमण दिन</th><th>स्थानीय भत्ता</th><th>दैनिक हुने दर</th><th>रकम</th></tr>
</table></td><td>२१,८४२।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| २४।०६९।६।२३ | यो.अ.कुल व.जि.सी. | ११ | ६७००। | २२४। | २४७५। |
| ,, | ई.प्रभाकर प्र.सिंह | ११ | ६७००। | २२४। | २४७५। |
| ,, | ले.अ.सन्तोष कु.रेग्मी | १३ | ६७००। | २२४। | २९०४। |
| ,, | क.स.शुसिल कु.शाह | ७ | ३५००। | ११७। | ८१७। |
| ,, | ई. ओम कु.साह | १४ | ६७००। | २२४ | ३१२७। |
| ३१।०६९।७।२४ | का.अ.दल ब.घर्ती | १५ | ६७००। | २२४। | ३३६०। |
| | को.नि.हरिकृष्ण देवकोटा | ८ | ६७००। | २२४। | १७९२। |
| | ले.अ.विष्णु वस्नेत | २२ | ६७००। | २२४। | ४९८२। |
| | जम्मा | | | | **२१८४२।** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) वमोजिम दर्ता भएको फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची-५ र ५ क वमोजिम ढाँचामा कर विजक दिनु पर्ने व्यवस्था छ ।<br>खलंगा-पाँचकाटिया सडक खण्डमा आएको पैह्रो पन्छाउन विकेन्द्र कन्ट्रक्सन, खलंगालाई कार्यादेश दिई काम गराई प्राविधिक मूल्याङ्कनको आधारमा मु.अ.कर सहित रु. २,८७,२७१।- भुक्तानी भएकोमा कर विजक संलग्न भएको देखिएन । भुक्तानी भएको मु.अ.कर रकम विक्री खातामा प्रविष्ट गरी कर समायोजना गरी सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु.................... | २,८७,२७१। | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७ | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१७(४) वमोजिम जिन्सी मालसामान हस्तान्तरण गर्दा हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नुपर्ने, सामान वुझिलिने निकायले हस्तान्तरण भै आएको सामान जिन्सी खातामा आम्दानी वाँधी सो को जानकारी दिनु पर्ने व्यवस्था छ । का.अ.श्री दल वहादुर घर्तिलाई प्रसुती सामान खरीद पेश्की भनी पेश्की माग गरेको निवेदन वेगर भौ.नं.९१।०७०।२१ बाट रु. ३,००,०००।- पेश्की दिएको देखियो । निजले कृष्णा इन्टरनेशनल, नेपालगंजको २०७०।२।५ को विलबाट रु. २,३९,६७३।- र कमला इन्टरनेशनल नेपालगंजको २०७०।२।६ को विलबाट २,७६,५६७।- समेत रु. ५,१६,२४०।- सामान खरीद गरेको २ वटा विलको आधारमा रु.३,००,०००।- पे.फ.गरी रु. २,००,०००।- भुक्तानी भएकोमा निम्नानुसार देखियो ।<br><br>१) कुन अस्पतालले के प्रयोजनको लागि? कुन मापदण्ड र गुणस्तर अनुसारको सामान माग गरेको हो? र सामान प्राप्त भएपछि गुणस्तर परिक्षण गरेको प्रमाण संलग्न नभएको ।<br><br>२) सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८५(१) (संशोधन सहित) वमोजिम रु.३ लाख रुपैयासम्मको खर्च हुने वा पूँजिगत मालसामान मात्र सोझै खरीद गर्न सकिने व्यवस्था भएकोमा रु. ५,००,०००।- को सामान एकदिनको फरक पारी २ वटा विल राखी भएको खर्च अनियमित देखिएको रु.......................................................<br><br>३) २०७०।२।१९ मा पे.फ.गर्न निवेदन दिएकोमा उक्त सामान दाखिला तथा हस्तान्तरण गरेको प्रमाण पेश नभएको ।<br><br>४) आयकर ऐन, २०५८ को दफा ८९(१) वमोजिम ठेक्का वा करार वापत रु. ५० हजार भन्दा वढको रकम भुक्तानी दिँदा भुक्तानीको कूल रकममा १.५% कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यस विलबाट मु.अ.कर वाहेक रु. ४,७०,५४०।- को १.५% ले हुन आउने रु. ७०५८।१० अशुल गरी राजश्व दाखिला हुनु पर्ने रु..................................... | ५,००,०००।<br><br>७,०५८।१० | | | | | |
| २८ | | **केन्द्रीय शिर्षक तर्फका समष्टिगत व्यहोरा**<br><br>**मुल्यअभिवृद्धिकर**:- मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएका व्यक्तिले तोकिएवमोजिमको अवस्थमा वाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बिजक दिनु पर्ने उल्लेख छ । यस कार्यालयले तल उल्लेखित वजेट उपशिर्षकबाट विभिन्न फर्महरुलाई कर विजक बिना मू.अ.कर रु. १४६१०।- भुक्तानी दिएको देखिएकोले उक्त मु.अ.कर रकम मूल्य अभिवृद्धिकर ऐन, २०५२ को २९)१) ग अनुसार अशुल हुनु पर्ने रु. ........... | १४,६१०। | | | | | |

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ.नं. | फर्मको नाम | मु.अ.कर (रु) |
|---|---|---|---|---|
| १ | ३६५८०९३ | १ | फेस कन्सलट्यान्सी, ललितपुर | **१४६१०।** |
| | | | **जम्मा** | **१४६१०।** |

२९

**<u>डोजर भाडा कर</u>:-** आयकर ऐन, २०५८ को दफा ८८(१)५ मा वासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको भाडा भुक्तानी गरेकोमा १०% का दरले कर कट्टा गर्नु पर्ने उल्लेख छ । यस कार्यालयका तल उल्लेखित वजेट उपशिर्षकबाट संचालित विभिन्न उडक योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई रु. ४५,४३,७३४।- भुक्तानी दिएकोमा उक्त सडक योजनाहरुको निर्माण कार्य उपभोक्ता समितिहरुले विभिन्न फर्महरुको हेभी मेशिन (डोजर) प्रयोग गरी गराएकोमा आयकर ऐन, २०५८ अनुसार १०% का दरले रु.४,५४,३७२।- कट्टा गर्नु पर्नेमा कट्टा गरेको नदेखिएकोले उक्त कर रकम सम्वन्धित फर्महरुबाट अशुल गरी राजश्व खातामा दाखिला गर्नु पर्ने रु................................

४,५४,३७२।

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ.नं. | फर्मको नाम | भुक्तानी | कर (रु) |
|---|---|---|---|---|---|
| १ | ३६५८१२३ | ६ र ४।०७०।२।२० | भेलाले सडक निर्माण योजना | **९५४१८८।** | **९५४१८।** |
| २ | ,, ,, | १०।०७०।३।२५ | दशेरा औलचौर सडक योजना | **४५८१२४।** | **४५८१२।** |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ३६५८३५३ | २४।०७०।३।२५ | छेडा-चाँदे-जुम्ला ग्रामीण सडक | ३१३१४२२। | ३१३१४२। |
| | | | **जम्मा** | ४५४३७३४। | ४५४३७२। |

३० **उ.स.बाट पाईप खरीदः-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ नियम, १५५(५) मा वढी जटिल प्राविधिक पक्षसमेत समावेश भएको काम वाहेक सामान्तया श्रमप्रधान प्रविधि अपनाईने आयोजनाको काम मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्ने उल्लेख छ । तल उल्लेखित वजेट उपशिर्षकबाट संचालित ७ वटा खानेपानी तथा सिंचाई आयोजनाहरुको पाईप खरीद सम्वन्धि कार्य उपभोक्ता समिति मार्फत गरी रु. २२,७७,५२२।- खर्च लेखेको देखियो । यसरी खानेपानी आयोजनामा प्रयोग हुने पाईप जस्तो गुणस्तर परीक्षण गर्नु पर्ने निर्माण सामाग्रीको गुणस्तर परीक्षण गर्ने क्षमता उपभोक्ता समितिसँग नहुने र उपभोक्ता समितिले प्रतिस्पर्धात्मक प्रणालीबाट खरीद समेत नगर्ने भएकोले नेपाल सरकारलाई थप व्ययभार पर्ने हुनाले खानेपानी योजनामा प्रयोग हुने पाईपहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा उल्लेखित व्यवस्था अनुसार कार्यालयबाट खरीद गरी उपभोक्ता समितिलाई उपलव्ध गराई निर्माण कार्य गर्नु पर्दछ ।

| सि. नं. | ब.उ.शि.नं. | योजना संख्य | रकम |
|---|---|---|---|
| १ | ३६५८०४३ | ३ | ११,१६,३४४। |
| २ | ३४९८०२४ | ४ | ११,६१,१७८। |
| | जम्मा | ७ | २२७७५२२। |

**बजेट उपशिर्षक ३६५८०९३ (स्थानीय स्तरका झोलुङ्गे पुल) तर्फ**

३१ **३७०७०।३।१५ः-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको विल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने उल्लेख छ । यस कार्यक्रमबाट

<table>
<tr><td></td><td></td><td>संचालित ६३ वटा झोलुङ्गे पुलहरुको हेरालु खर्च वापत विभिन्न २८ गा.वि.स.हरुलाई रु. १,८९,०००।- भुक्तानी दिएकोमा उक्त खर्चको विल भरपाई पेश नभएकोले विल भरपाईको प्रमाण पेश हुनु पर्ने रु.................</td><td>१,८९,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३२</td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२(१) मा खरीद गरी प्राप्त हुन आएको मालसामानको विवरण मूल्य समेत खुलाई मालसामान प्राप्त भएको मितिले ७ (सात) दिन भित्र जिन्सी कितावमा आम्दानी गर्नु पर्ने उल्लेख छ । यस कार्यक्रमबाट संचालित विभिन्न योजनाहरुलाई आवश्यक पर्ने निम्नानुसारको फर्महरुबाट रु. ११,१२,७२०।- को सिमेन्ट (ढुवानी समेत) खरीद गरेकोमा जिन्सी आम्दानी गरेको देखिएन साथै उक्त सिमेन्ट कुन कुन योजनामा प्रयोग भएको भन्ने खर्चको विवरण समेत पेश नभएकोले नियमानुसार जिन्सी आम्दानी गरेको र सिमेन्ट प्रयोग भएको खर्चको विवरण सहितको प्रमाण पेश हुनु पर्ने रु......................<br>
<table>
<tr><th>सि. नं.</th><th>ब.उ.शि.नं.</th><th>फर्मको नाम</th><th>परिमाण (बोरा)</th><th>ढुवानी समेत रकम</th></tr>
<tr><td>१</td><td>७।०६९।१२।२</td><td>श्याम विक्रम निर्माण सेवा तथा सप्लायर्स</td><td>२२०</td><td>२७२८६०।</td></tr>
<tr><td>२</td><td>१०।०६९।१२।२७</td><td>अमन सप्लायर्स</td><td>२२०</td><td>२८४८५०।</td></tr>
<tr><td>३</td><td>१६।०७०।१।२</td><td>पि.के.कन्ट्रक्सन</td><td>२२०</td><td>२८४८५०।</td></tr>
<tr><td>४</td><td>१७।०७०।१।२</td><td>एकता ट्रेड एण्ड सप्लायर्स</td><td>२२०</td><td>२७०१६०।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८८०</td><td>११,१२,७२०।</td></tr>
</table></td><td>११,१२,७२०।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३३</td><td></td><td><u>४१।०७०।३।२५</u>:- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १५५(५)ध मा कार्यसम्पन्न फाराम र नापी कितावको आधारमा अन्तिम भुक्तानी दिने उल्लेख छ । यस कार्यक्रमबाट संचालित माडीचौर झो.पु.निर्माण कार्यको लागि जि.वि.स.बाट रु. ५,३६,७३४।- व्यहोर्ने गरी सम्झौता भएकोमा उपभोक्ता समितिलाई गो.भौ.नं.२४।०७०।३।१४ र ४१।०७०।३।२५ बाट क्रमशः</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | रु. ३,००,०००।- र २,७४,७६५।- गरी जम्मा रु.५,७४,७६५।- भुक्तानी दिएको देखिएकोले रनिङ्ग विल र उ.स.सँग भएको सम्झौता भन्दा वढी भुक्तानी भएको रु. ३८,०३१।- उपभोक्ता समितिबाट अशुल गर्नु पर्ने रु................. | ३८,०३१। | | | | | |
| ३४ | | यस कार्यक्रमबाट संचालित भित्रखोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई निर्माण कार्यको लागि रु. १,२५,०००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको नदेखिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(४) अनुसार फछ्र्यौट गर्नु पर्ने रु............................ | १,२५,०००। | | | | | |
| | | **बजेट उपशिर्षक ३६५८०८३ (स्थानीय यातायात क्षेत्र कृषि सडक)** | | | | | | |
| ३५ | | **३०।०७०।३।२५**:- यस कार्यक्रमबाट संचालित रु. ४,६६,२५०।- लागत अनुमान भएको छेडा-कचाली सडक निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उक्त निर्माण कार्यको आईटम नम्नवर ३(१) साधारण माटा काट्ने १२३।५ घ.मी. कामको ९०% मेशिन र १०% मानिसको दर राखी मिति २०७०।२।८ मा स्वीकृत गरेको दर विश्लेषण अनुसार रु. ६७।५६ का दरले भुक्तानी दिनु पर्नेमा रु १२७।५७ दरले भुक्तानी दिएको देखिएकोले उ.स.लाई वढी भुक्तानी भएको रु. ७४११।- अशुल हुनु पर्ने रु............................................ | ७,४११। | | | | | |
| ३६ | | **२३।०७०।३।२५**:- मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७((१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) वमोजिमको ढाँचामा कर विजक दिनु पर्ने उल्लेख छ । यस कार्यक्रमबाट संचालित मोर्कखोला सडक पुल निर्माण कार्यका निर्माण व्यवसायी सर्वद्वार फ्राइन्डस जे.भी., कोटेश्वर, काठमाण्डौंलाई प्रथम रनिङ्ग विलको भुक्तानी दिँदा कर विजक नं. १।२०७०।३।२५ को आधारमा मु.अ.कर.रु. ८४,६८३।- भुक्तानी दिएकोमा उक्त फर्मले कोटेश्वर-३५, जाजरकोट ठेगाना फरक भएको कर विजक जारी गरेको देखिएकोले सो फर्मलाई भुक्तानी भएको मु.अ.कर रकम विक्री खातामा प्रविष्ट गरी कारोवार अंक समेत खुल्ने गरी सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजना गरेको प्रमाण पेश हुनु पर्ने रु......................................................... | ८४,६८३। | | | | | |
| ३७ | | **१५।०७०।२।१०:-** यस कार्यक्रमबाट संचालित मोर्कखोला सडक पुल निर्माण कार्यका निर्माण व्यवसायी सर्वद्वार फ्रेन्डस जे.भी.काठमाण्डौंलाई निर्माण कार्य संचालनको लागि रु. २५,४०,०००।- मोविलाईजेशन पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको नदेखिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(४) अनुसार फछ्र्यौट गर्नु पर्ने रु. | २५,४०,०००। | | | | | |

<table>
<tr><td></td><td></td><td><u>बजेट उपशिर्षक ३६५८३१३ (जनसहभागितामा आधारित विकास कार्यक्रम) तर्फ</u></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३८</td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) ञ र ट मा प्रथम किस्ता पेश्कीको प्राविधिक मुल्याङ्कन, नापजाँच र मूल्य खुलेको रनिङ्ग विल पेश गर्नु पर्ने र पेश्की पछ्यौंट भएजतिको रकम मात्र अर्को किस्ता कायम गरी पेश्की दिन सक्ने उल्लेख छ। यस कार्यक्रमबाट संचालित लहरेखोला जलविद्युत आयोजना मर्मत कार्यको लागि कार्यालयको तर्फबाट रु. ९,६०,०००।- व्यहोर्ने गरी उ.स.सँग २०७०।१।१९ मा सम्भौता भएअनुसार गो.भौ.नं. २।०७०।१।१९ बाट रु., ४,००,०००। पेश्की दिएकोमा उक्त कामको प्राविधिक मूल्याङ्कन भएको नापी किताव, रनिङ्ग विल पेश नभै पहिलो किस्ता पेश्की फछ्यौंट नहुँदै पूनः गो.भौ.नं.५।०७०।२।३१ मा रु. १,५०,०००।- दोश्रो किस्ता पेश्की दिएको देखियो । यसरी निमायनुसार प्रथम किस्ता पेश्की फछ्यौंट नहुँदै पेश्की माथि थप पेश्की दिने कार्य नियमसम्मत देखिएन ।</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३९</td><td></td><td><u>ग्रामीण खानेपानी तर्फः-</u><br>आयकर ऐन, २०५८ को दफा ८८,८८(क) र ८९ मा तल उल्लेखित भुक्तानीहरुका कर कट्टी गर्नु पर्ने उल्लेख छ । यस कार्यक्रमबाट निम्नानुसारका कार्यहरुमा रु. ३,२८,९५०।- भुक्तानी गरेकोमा रु. १९,८८४।- कर कट्टी गर्नु पर्नेमा कट्टा गरेको नदेखिएकोले सम्वन्धितबाट अशुल गरी राजश्व खातामा दाखिला गर्नु पर्ने रु..........................................
<table>
<tr><th>सि. नं.</th><th>गो.भौ.नं.</th><th>विवरण</th><th>भुक्तानी</th><th>कर दर (%)</th><th>कर रु.</th></tr>
<tr><td>१</td><td>२७।०७०।३।१</td><td>अनुगमन भत्ता वितरण (८जना)</td><td>१५०००।</td><td>१५</td><td>२२५०।</td></tr>
<tr><td>२</td><td>,, ,,</td><td>पुरस्कार (४ जना)</td><td>५५०००।</td><td>२५</td><td>१३७५०।</td></tr>
<tr><td>३</td><td>२९।०७०।३।२।</td><td>मातृभूमी इन्टरप्राईजेज एण्ड शताव्दी</td><td>२५८९५०।</td><td>१.५</td><td>३८८४।</td></tr>
</table></td><td>१९,८८४।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ट्रेडर्स, खलां, जाजरकोट ( खरीद) | | | | | | |
| | | **जम्मा** — १९८८४। | | | | | | |
| ४० | | **<u>२०१०७०।१।३</u>**ः- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(छ) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपगेको जाँच गर्नु पर्ने उल्लेख छ । यस कार्यक्रमबाट प्रगति समीक्षा वापत रु. ३६,४८०।- खर्च लेखेकोमा रु. १९,०८०।- को मात्र विल भरपाई पेश भएकोले विल भरपाई भन्दा वढी लेखेको खर्च रु. १७,४००।- अशुल गर्नुपर्ने रु……………… | १७,४००। | | | | | |
| ४१ | | यस कार्यक्रमबाट संचालित टालेगाउँ खानेपानी उपभोक्ता समितिलाई निर्माण कार्यको लागी रु. १,००,०००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको नदेखिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(४) अनुसर फछ्र्यौट हुनु पर्ने रु………………… | १,००,०००। | | | | | |
| | | **<u>वजेट उपशिर्षक ३६५८१५३ (विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम तर्फ)</u>** | | | | | | |
| ४२ | | जिल्ला प्रशासन कार्यालय, जाजरकोटलाई मुआव्जा वितरणको लागि रु. ४,१९,९५२।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट भएको नदेखिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार फछ्र्यौट हुनु पर्ने रु……………………………. | ४,१९,९५२। | | | | | |
| ४३ | | ई.धन प्रसाद सुवेदीको मासिक तलव, ग्रेड रु. १९,१००।- ले हुने १३ महिनाको रु. २,४८,४३०।-, दुर्गम भत्ता मासिक रु. ६,७००।- ले हुने रु. ८०,४००।- समेत जम्मा आय रु. ३,२८,८३०।- मा दुर्गम भत्ता छुट रु. ३०,०००।-, १% सा.सु.कर रु. ३,३५४।- र पारिवारिक छुट रु. २,००,०००।- समेत गरी जम्मा रु. २,३३,३५४।- कट्टी गर्दा हुने खूद आय रु. ९५,४७६।- को आयकर ऐन, २०५८ को दफा ८७(१) वमोजिम १५% ले हुने कर रु. १४,३२१।४० अशुल गरी राजश्व खातामा दाखिला हुनु पर्ने रु……………………………. | १४,३२१।४० | | | | | |
| | | **<u>ग्रामीण पहुँच सुधार कार्यक्रम ३६५८१४३ तर्फ</u>** | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४४ | | आर्थिक कार्यविधि नियमवली, २०६४ को नियम २३ उपनियम १ अनुसार मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्नु पर्नेछ र उपनियम (२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्वन्धित मंन्त्रालयले आर्थिक वर्ष शुरु भएको पन्ध्र दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनु पर्नेछ । मंन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रममा ९ वटा झोलुङ्गे पुल बनाउने कार्यको लागि स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको च.नं २८४, मिति २०६९।१२।२५ मा अख्तियारी पठाएको देखिन्छ । उक्त अख्तियारी पत्र अनुसार कार्यालयले २०७०।३।१४ आएर कोष तथा लेखा नियन्त्रक कार्यालय, जाजरकोटबाट रु. ५५,६०,०००।- निकासा खिएको देखिन्छ । स्वीकृत कार्यक्रममा ९ वटा झोलुङ्गे पुल बनाउने लक्ष्य रहेकोमा २ वटा झोलुङ्गे पुलको स्पेयर पार्टस खरीद तथा ढुवानी गरी सम्वन्धित साइट मान्का र गान्कामा पुऱ्याएको देखिन्छ । उक्त कार्यको लागि प्रशासनिक तथा ढुवानी कार्यमा रु. १७,१९,४१२।- खर्च भई वाँकी रु. ३८,४०,५८८।- वजेट रकम फ्रिज भएको छ । समयमा अख्तियारी नआएको र अख्तियारी प्राप्त भएपछि पनि निकासा ढिलो लिएको कारणबाट कार्यक्रम सम्पन्न नभई वजेट रकम फ्रिज भएको छ । यसले गर्दा आयोजना प्रभावित भई लक्ष्य अनुसार निर्माण कार्य सम्पन्न नभएकोले जनताको सुविधाबाट प्रभावित भएकोले यस्तो प्रकृत्तिमा सुधार हुनु पर्दछ । | | | | | | |
| ४४ क | | **गो.भौ.नं.२०७०।३।२५**:- नेपाइन्जिनियरिङ्ग प्रा.लि.चितवनसँग सम्झौता गरी झोलुङ्गे पुलको स्टील पार्टस, पाईप, नटवोल्ट, वायर, रिइन्फार्समेन्ट सीट लगायतका सामानहरु नेपा इन्जिनियरिङ्ग वर्क्स प्रा.लि., नेपालगंजको वील अनुसार सम्वन्धित साइटमा ढुवानी गरी रु. १५,५७,७१२।- भुक्तानी दिएको देखिन्छ । उक्त सामानहरु जिन्सी खातामा दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नु पर्ने रु............................................ | १५,५७,७१२। | | | | | |
| | | **कर्णाली र कर्णाली वरिपरी विशेष कार्यक्रम ३६५८३५३ तर्फ** | | | | | | |
| ४५ | | कर्णाली वरिपरी र विशेष कार्यक्रम अन्तर्गत १५ वटा कार्यक्रम छैठौं जिल्ला परिषद्को वैठकले पारित गरी पठाएकोमा संघीय मामिला तथा स्थानीय विकास मंन्त्रालयबाट ती कार्यक्रम तथा योजना स्वीकृत गरी परिषद्को वैठकले पारित नगरेका आरसिना सिंचाई कुलो निर्माण, छेडा-चाँदे-जुम्ला सडक, चौखा, रजिक रावतगाउँ, ध्यारगाउँ, बानियागाउँ, दम्का साँघु रिङ्गरोड बनाउने कार्यक्रमको लागि वजेट विनियोजन भएको देखियो । जिल्ला परिषद्बाट छानिएका योजनाहरु स्वीकृत नभई अन्य योजना स्वीकृत हुँदा स्थानीय आवश्यकता अनुसारको योजना संचालन भएको भन्ने आधार देखिएन । | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४६ | | नेपाल पत्रकार महासंघ, जाजरकोटले भवन निर्माण गर्न लिएको पेश्की रु. ३,६८,०००।- आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ को उपनियम २ र ३ अनुसार फछ्र्यौट गर्नु पर्ने रु.......................................... | ३,६८,०००। | | | | | |
| | | **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( एल.जी.सी.डि.पि.) ३६५८१९३** | | | | | | |
| ४७ | | २१।२०७०।३।२०:- **Project Funding Matrix (PFM)** पेश गरेका जिल्लाका चौविस गाउँ विकास समितिमा रु. ६०,७३,०००।- मिति २०७०।१।१५ थप वजेट बाँडफाँडको अख्तियारी अनुसार आर्थिक वर्षको अन्त्यमा रकम पठाएको देखियो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त अख्तियारी अनुसार प्राप्त रकम खर्च गर्दा पालना गर्नुपर्ने शर्तमा सम्वन्धित गाउँ विकास समितिले पेश गरेको **PFM** अनुसार कार्य सम्पन्न गरे/नगरेको सम्वन्धमा जि.वि.स.बाट नियमित अनुगमन गर्ने र सो अनुसार कार्य सम्पन्न भएको नपाइएमा सम्वन्धित गाउँ विकास समितिबाट सरकारी बाँकी सरह अशुल गर्नु पर्ने उल्लेख छ । जिल्ला विकास समितिबाट आर्थिक वर्षको अन्त्यमा २०७०।३।२० गएको उक्त रकमको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन नआएकोले खर्च रकम एकिन गर्न नसकिएको । | | | | | | |
| | | **वजेट उपशिर्षक ३६५०१६३ (स्थानीय पूर्वाधार विकास) तर्फ** | | | | | | |
| ४८ | | यस कार्यक्रमबाट संचालित भोगरेखोला सिंचाई आयोजना निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्य संचालनको लागि उ.स.लाई रु. २,००,०००।- पेश्की दिएकोमा उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट भएको नदेखिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(४) अनुसार फछ्र्यौट हुनु पर्ने रु.......................................... | २,००,०००। | | | | | |
| | | **बजेट उपशिर्षक ३६५०१५३ सामाजिक सुरक्षा तर्फ)** | | | | | | |
| ४९ | | यस कार्यक्रमबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि विभिन्न गाविसहरुलाई रु. ७,४४,८००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार फछ्र्यौट | | | | | | |

<table>
<tr>
<td></td>
<td></td>
<td>हुनु पर्ने रु............................................
<table>
<tr><th>सि.नं.</th><th>गाविसको नाम</th><th>पेश्की रु.</th></tr>
<tr><td>१</td><td>जगतिपुर</td><td>३४८९००।</td></tr>
<tr><td>२</td><td>झाप्रा</td><td>११४५००।</td></tr>
<tr><td>३</td><td>पजारु</td><td>१००।</td></tr>
<tr><td>४</td><td>कोर्ताङ्ग</td><td>२८०१००।</td></tr>
<tr><td>५</td><td>भगवती</td><td>१२००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७४४८००।</td></tr>
</table>
</td>
<td>७,४४,८००।</td>
<td></td>
<td></td>
<td></td>
<td></td>
<td></td>
</tr>
<tr>
<td>५०</td>
<td></td>
<td>यस कार्यालयले आ.व.०६९।०७० सम्म फछ्र्यौट गर्न वाँकी पेश्कीको एकीकृत विवरण पेश नभएको ।</td>
<td></td>
<td></td>
<td></td>
<td></td>
<td></td>
<td></td>
</tr>
<tr>
<td></td>
<td></td>
<td>माथि उल्लेखित वजेट उपशिर्षक वाहेक अन्य शिर्षकहरुमा उल्लेखनिय वेरुजु नदेखिएको ।</td>
<td></td>
<td></td>
<td></td>
<td></td>
<td></td>
<td></td>
</tr>
</table>